**Section I: Invitation for Bid**

## दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## दुहवी, सुनसरी

प्रथम पटक प्रकाशित मिति २०७४/१२/२३

यस कार्यालयको आ.ब. ०७४/७५ को तपसील बमोजिमको स्वीकृत कार्यक्रमहरू शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले निर्माण व्यवसायीहरू र ठेक्का नं.२०/२०७४/०७५ का लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. तपसिलमा उल्लेखित दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसीद वा रा.बा.बैक, ईनरूवामा रहेको यस दुहवी नगरापालिका, नगर कार्यपालिकाको कार्यालयको खाता नं.२२२०३०४०१८१०३ वा NIC Asia दुहवी शाखाको खाता नं. **A8C499378524004** मा जम्मा गरेको **भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रका र आ.ब.२०७३/०७४ कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्रको प्रमाणित** प्रतिलिपिहरू संलग्न राखी यस कार्यालय, दुहवी,सुनसरी तथा Duhabimun.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं (मिति २०७५/०१/०७ गतेका) दिन कार्यालय समय भित्र सम्म खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउ फारमहरू उल्लेख भएका सबै विवरण रितपूर्वक भरि दरभाउपत्र दाताले प्रत्येक पानामा सही छाप गरि कामको विवरण, दरभाउदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मिति १६ औ. (मिति २०७५/०१/०८) गतेका दिन दिउसोको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही वमोजिम हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र फारमसाथ जमानत बापत तपसिलमा तोकिएको रकम रा.बा.बैक ईनरूवा, सुनसरी स्थित कार्यालयको धरौटी खाता नं.२२२०३०३००७१०३ वा NIC Asia दुहवी शाखा A8CA499378524003 मा रकम जम्मा गरि सक्कल बैंक भौचर वा नेपाल सरकारबाट बिड बण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरूबाट दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद रहेको पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा दरभाउपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यान राखि कुनै जनाई वा नजनाई पुरा वा अंशिक रूपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुनेछैन ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने॰ सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

११. दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको website: www.duhabimun.gov.np मा समेत राखिएको छ ।

१२. दरभाउपत्र स्वीकृत भएपछि फरफरमेन्स वण्ड बापत दरभाउपत्र दाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं.५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतमा कार्य सम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखि जारी गरेको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ ।

१४. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । दरभाउरपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

तपसिल

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टिनजेन्सी बाहेक) | दरभाउ पत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | १७/२०७४/०७५ | नाला निर्माण कार्य (दुहवी नगरपालिका वडा नं. १, साविक वडा नं.१ र २ को सिमाना देखि दक्षिण तर्फको बाटो ) | रू.१३,२७,४४८।३८ | ३३,५००।०० | १०००।०० |
| २. | १८/२०७४/०७५ | बाटो निर्माण कार्य । (वडा नं. ६ परदेशी पासवान घर देखि दक्षिण तर्फको बाटो) | रू.८,९०,७५७।५९ | २२,५००।०० | १०००।०० |
| ३. | १९/२०७४/०७५ | फुटपात निर्माण कार्य (दुहवी न.पा वडा नं.६, हिरा स्वीट देखि पूर्व राधा कृष्ण मन्दिर जाने बाटो) । | रू.७,०८,०६८।५२ | १८,०००।०० | १०००।०० |
| ४. | २०/२०७४/०७५ | सौर्य सडक बती जडान कार्य (दुहवी न.पा वडा नं१ को विभिन्न स्थानहरुमा) । | रू.८,४५,४००।०० | २१,५००।०० | १०००।०० |

राम ... यादव
इन्जिनियर